# पृथ्वीको अन्तमा हुने घट्नाहरू



जुन २२, २०२४को निम्ति अध्याय १२



LEY
I
DE DIOS
V
II
III
IV
X
""सत्य किन् र त्यो बिक्री नगर्। बुद्धि, अनुशासन
र समझदारी प्राप्त गर।" हितोपदेश २३:२३।
666

यस पृथ्वीको इतिहासको अन्त्यको चरमबिन्दुमा सारा संसारमा सुसमाचार प्रचार भइसक्नेछ। मत्ती २४:२४।

पवित्र आत्माको वर्षापछि सुसमाचार प्रचार गरिनेछ। यही शक्ति पेन्टिकोस्टको दिनमा आएका थिए। यस घट्नालाई "पछिल्लो वर्षा भनिन्छ।"

कसले पछिल्लो वर्षा पाउनेछ त? जो मानिसहरू परमेश्वर प्रति बफादार हुन निर्णय गर्छन्, उहाँका आज्ञाहरू पालन गर्छन् र त्यसै अनुसार उहाँको स्तुति प्रशंसा गर्दछन्। तिनीहरूमा जीवित परमेश्वरको छाप लगाइनेछ। प्रकाश ७:२।





अन्तिम सङ्कटको निम्ति तयारी:

- बाइबलबाट निर्देशित।
- निधारमा लालमोहर लगाइएको।
- आराधनामा निष्ठा।

माथिबाट शक्ति:

- पछिल्लो वर्षा।
- सुसमाचार प्रचार




# अन्तिम सङ्कटको निम्ति तयारी

# बाइबलबाट निर्देशित

“"तपाईँको वचन मेरा पाऊहरूका निम्ति बत्ती हो र मेरो बाटोको निम्ति ज्योति हो।" भजन ११९:१०५।


संसारको अन्त्यको बारेमा सत्य सन्देश कहाँ पाइन्छ के तपाईँलाई थाहा छ? यसरी थाहा पाइन्छ:
"सत्य किन र त्यसलाई नबेच।" हितोपदेश २३:२३।



"र तिमीले सत्यलाई थाहा पाउनेछौ।" यूहन्ना ८:३२।)

"तपाईँको वचन सत्य हो।" यूहन्ना १७:१७।

“"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ, त्यसले सीधासादा मानिसहरूलाई समझशक्ति दिन्छ।" भजन ११९:१३०।





अन्तिम क्षणहरूमा सैतानलाई अनेकौं वास्तविक अचम्मका कामहरू गरेर धुर्त कामहरू गर्नेछन् जसलाई मानिसहरूले अस्वीकार गर्न नै नसक्ने हुन्छ (प्रकाश १३:१३-१४; मत्ती २४:२४)।

केवल बाइबलको ज्ञान र पवित्र आत्माको सहयोगले मात्र हामी सत्यमा अडिग रहन सक्नेछौं। २ पत्रुस १:१९-२१।

# निधारमा छाप


"अनि मैले हेरें, र सियोन डाँड़ामा थुमा खड़ा हुनुभएको मैले देखें। उहाँको साथमा एक लाख चवालीस हजार थिए, जसका निधारमा उहाँको नाउँ र उहाँका पिताको नाउँ लेखिएका थिए।" प्रकाश १४:१।



**परमेश्वरको छापलाई तीन तरिकाले पहिचान गराएको छ:**

1. **पवित्र आत्मा। सारा युगका विश्वासीहरूलाई पवित्र आत्माले लालमोहर लगाउनेछन्। (एफिसी ४:३०)।**
2. त्यस छापमा नाउँ वा परमेश्वरको चरित्र। सबै जना जो विजय प्राप्त गरेका छन् तिनीहरूमा उहाँको नाउँ हुनेछ। (प्रकाश १४:१; २२:४)।
3. **सबैले चिन्न सक्ने चिन्ह (प्रकाश ९:४; इजकिएल ९:४)।**

परमेश्वरको आराधना गर्नेहरूलाई अलग राखिन परमेश्वरले दश आज्ञाहरूमा एउटामा विशेष छाप लगाउनुभएको छ। (इजकिएल २०:२०)।



| छापमा उल्लेखित गरिएका भागहरू | उदाहरणमा नेपाली सिक्का (२ रुपैंया) | साबथ (प्रस्थान २०:८-११) |
|---|---|---|
| नाउँ | सगरमाथा | यह्वे |
| योग्यता | नेपाल र विश्वको उच्च शिखर | सृष्टिकर्ता |
| क्षेत्र | नेपाल | आकास, पृथ्वी र समुद्र |



# निधारहरूमा छाप

"अनि मैले हेरें, र सियोन डाँड़ामा थुमा खड़ा हुनुभएको मैले देखें। उहाँको साथमा एक लाख चवालीस हजार थिए, जसका निधारमा उहाँको नाउँ र उहाँका पिताको नाउँ लेखिएका थिए।" प्रकाश १४:१।





लाहा छाप, छाप वा चिन्ह दुई किसिले लगाइनेछः कि त निधारहरूमा कि त हातहरूमा। जब निष्ठावान विश्वासीहरूले तिनीहरूका निधारहरूमा छाप लगाइन्छ तब अविश्वासीहरूले पनि कि त निधारमा कि त हातहरूमा (प्रकाश १३:१६)। फरक के छ त?

**निधारमा**

- बौद्धिक रूपमा विश्वास
- जसलाई हामी आराधना गर्छौं त्यसलाई हामी विश्वास गर्छौं

**हात**

- चासो (फाइदा लिने)
- हामीले नतिजा प्रति डर मानेर पुजा गर्छौं




जब शैतानले उपासनाको कारणहरूको वास्ता गर्दैन, परमेश्वरले मात्र निष्कपट र पूर्ण उपासना स्वीकार गर्नुहुन्छ (रोमी १२:१)।

# आराधनामा बफारिता

""त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो।" प्रकाश १३:१७।




जो पशुको छाप लिन अस्वीकार गर्छन् तिनीहरूले किनबेच गर्न सक्दैनन्, र मृत्युका धम्किहरू सुन्नुपर्ने हुन्छ (प्रकाश १३:१५-१७)। तर पशुको छाप पाउनेहरूले अन्तिम महामारीहरू भोग्नुपर्नेछ र तिनीहरूले दोस्रो मृत्युमा सहभागी हुनेछन् अर्थात् तिनीहरूले अमर जीवन गुमाउनेछन् (प्रकाश १६:२; १४:९-११, १३-१५)।

**तर पशुको छाप के हो त? चिप, बारकोड वा कुनै भौतिक नियन्त्रण?**



**यदि विश्वासीहरूका निम्ति साबथ नै प्रत्यक्ष चिन्ह वा छाप हो भने पशुको छापमा पनि त्यही किसिमको छाप हुने छैन र?**


परमेश्वरको आराधनाको दिनले परिवर्तन गर्ने आदेश बाइबलमा उल्लेख नगरिएकोले आइतबारलाई आरधाधनाको दिन र चर्चको आधिकारितालाई मानेर आराधनाको दिनलाई परिवर्तन गर्ने तत्व पशुको छाप हो। यो ६६६ भनेर चिनारी गरिएको छ।




**कसको आधिकारितालाई हामीले स्वीकार्ने? के मानव संस्थाको आधिकारिता वा परमेश्वरको अधिकारलाई, जुन बाइबलमा स्पष्ट रूपमा प्रकट गरिएको छ?**



# माथिबाट शक्ति




# पछिल्लो वर्षा

"ए सियोनका मानिस हो, खुशी होओ, परमप्रभु तिमीहरूका परमेश्वरमा रमाहट गर, किनकि उहाँले तिमीहरूलाई शरद्को वर्षा धार्मिकतामा दिनुभएको छ। उहाँले हामीलाई प्रशस्त झरी ल्याइदिनुहुन्छ- शरद् र बसन्त दुवै झरी पहिलेको झैं पठाइदिनुहुन्छ।" योयल २:२३।

"ए सियोनका मानिस हो, खुशी होओ, परमप्रभु तिमीहरूका परमेश्वरमा रमाहट गर, किनकि उहाँले तिमीहरूलाई शरद्को वर्षा धार्मिकतामा दिनुभएको छ। उहाँले हामीलाई प्रशस्त झरी ल्याइदिनुहुन्छ–शरद् र बसन्त दुवै झरी पहिलेको झैं पठाइदिनुहुन्छ।" योयल २:२३।

अगमवक्ता योयलले पवित्र आत्माको वर्षालाई पानीको वर्षासँग तुलना गरिएका थिए (योयल २:२३,२८)। यसैलाई पत्रुसले उतारेर पेन्टिकोस्टको दिनमा प्रयोग गरेका थिए (प्रेरित २:२३,२८)।



भुमध्य सागरीय मौसम जहाँ इस्राएल देश थियो, अघिल्लो वर्ष अक्टोबर महिनातिर हुन्थ्यो जसले गर्दा बाली रोप्न माटो मलिलो पार्थ्यो। दोस्रो वर्षा वा पछिल्लो वर्ष जुन अप्रिलतिर पर्थ्यो तब अन्नहरूलाई पाक्न लगाउँथ्यो।

जसरी पवित्र आत्माको अघिल्लो वर्षाले चर्चलाई सुसमाचारको घोषणा गर्न तयार पारेका थिए, तब पछिल्लो वर्षाले अन्तिम कटानी हुनेछः युगको अन्तमा रहने विश्वासीहरूमा पवित्र आत्मा शक्तिशाली रूपमा खनिनेछ (प्रकाश १८:१)।





# सुसमाचार प्रचार

"यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। तिनको वैभवले पृथ्वी उज्यालो भयो।" प्रकाश १८:१।

अर्को स्वर्गदूत ठुलो अधिकारसाथ ओर्लेको यूहन्नाले देखेका थिए। यस स्वर्गदूतको महिमा वा वैभवले सारा पृथ्वी भरिएको थियो (प्रकाश १८:१)। उनको सन्देशमा के थियो?

उनको सन्देश दोस्रो स्वर्गदूतका सन्देश जस्तै छ: बेबिलोनको पतन भयो र उनले सारा राष्ट्रहरूलाई प्रदुषित पारिन् (प्रकाश १८:२-३; १४:८)।

परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमा भएका विश्वास हुनेहरूमाथि पवित्र आत्मा शक्तिशाली रूपमा आउनेछन् (प्रकाश १४:१२)। तिनीहरूले सुसमाचार प्रचार गरिरहेका थिए। तिनीहरूले न्यायको सुरुको चेतावनीको साथै सृष्टिकर्ताको आराधना गर्न आह्वान गरिरहेका थिए (प्रकाश १४:६-७)।

ती सन्देशहरूमा हाम्रो ज्ञान भएकोले पछिल्लो वर्षाको शक्ति प्रति हामी आभारित छौं। विश्वका सबै मानव जगतले दुईमा एक संभाव्यताहरूलाई रोज्ने अधिकार दिएको हुन्छ: परमेश्वरको छापलाई स्वीकार गर्ने कि पशुको छापलाई? (यूहन्ना १४:९-११)।

**धेरै आवाजहरूले अन्तिम सन्देशलाई घोषणा गर्नेछन्। धेरैले अन्तसम्म निष्ठावान हुन रोज्नेछन्।**



"पवित्र आत्मा ओर्लिने घट्नालाई चर्चले भविष्यमा हुने घट्ना भनेर हेरिरहेकाछन्। तर चर्चले अहिले नै पाउने अवसर हो। त्यसको निम्ति खोजीनीति गर्नुपर्छ, प्रार्थना गर्नुपर्छ र विश्वास गर्नुपर्छ। हामीमा यो हुनै आवश्यक छ, किनकि सारा स्वर्ग नै त्यो प्रदान गर्न पर्खिरहेको छ।"

एलेन जी॰ ह्वाइट, इभेन्टस अभ द लास्ट डेज्, पृ॰ १८९।

“"जबसम्म सत्यलाई मानिसको दिमाग र विवेकमा पसेर त्यसलाई स्वीकार गर्ने कि अस्वीकार गर्ने भन्ने निर्णय मानिसले गर्नुपर्ने हुन्छ त्यसबेलासम्म परमेश्वरको क्रोध वर्षिने छैन। यस पृथ्वीमा धेरै मानिसहरू छन् जसले विशेष सत्यहरूलाई अहिले सुन्न पाएका छैनन्। कतिपय मानिसहरूमा चौथो आज्ञालाई मान्नुपर्ने ज्ञानलाई मानिसहरूको अगाडि सत्य ज्योतिमा प्रस्तुत गरेका छैनन। प्रत्येक हृदयलाई पढ्ने, र प्रत्येक नियतहरूलाई जाँच्ने परमेश्वरले सत्यलाई चाहना गर्नेहरूलाई त्यागनुहुनेछैन। महान् द्वन्द्वको विषयमा कोही पनि धोखा पर्नु आवश्यक छैन। अन्धो भएर महान् द्वन्द्वको अन्तिम निश्कर्षलाई प्रस्तुत गरिएको छैन। आफ्नो पर्याप्त बुद्धि पुऱ्याएर नै कसको पक्षमा उभिने भन्ने निर्णय गर्न पर्याप्त आत्मज्ञानको ज्योति उपलब्ध गराइनेछ।"

एलेन जी॰ ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ॰ ६०५।